# समय र समाचार

Times &News राष्ट्रिय दैनिक

वर्ष २४ अंक ३८ २०७८ साल जेठ २४ गते सोमवार ( 7 Jun 2021 ) पृष्ठ संख्या ४ मुल्य रु १०


**सार्वजनिक आग्रह**

*नेपाल राष्ट्र, राष्ट्रियताको पहरेदार तथा सत्य तथ्य समाचार र सूचनाको सम्बाहकको रुपमा नियमित प्रकाशन समय र समाचार राष्ट्रिय दैनिकमा सबैले लेख, रचना, समाचार आदि प्रकाशनार्थ हाम्रो ठेगानामा पठाई दिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*


*ठेगानाः*
*समय र समाचार राष्ट्रिय दैनिक*
*कमलामाई नगरपालिका–६ रातमाटा, सिन्धुली*
*ईमेलः shankarsaugat@gmail.com*
*फोन, ⁄ फ्याक्स :०४७–५२०३८२*


# संक्रमितहरु घट्न थाले आगामी असारबाट सहज हुने

*समाचार सम्वाददाता*

सिन्धुली ⁄ महामारीको रुपमा आएको कोरोना भाइरसको दोश्रो भेरिएण्ट संक्रमणका कारण सिन्धुली जिल्लामा हाल सम्म महिला १२ र पुरुष १५ गरी कुल २७ जनाको अकालमै ज्यान गएको छ भने कुल १ हजार ४ सय ८३ जना संक्रमित भएको जिल्ला स्वास्थ्य कार्यालयको एक तथ्यांकले देखाएको छ ।

तर वितका दिनको तुलनामा संक्रमण दर दिनदिनै घटदै जान थालको सुखद संकेतहरु देखिएको छ । विगतमा संक्रमित विमारीहरुको संख्या बढ्दै जादा सिन्धुली जिल्लाका सबै स्थानीय तहले निषेधाज्ञा गरेका थिए । हाल सम्म पनि जिल्ला प्रशासन कार्यालय सिन्धुली र सिन्धुली जिल्लाका सबै स्थानीय तहहरुले जारी गरेको निषेधाज्ञा कायमै रहेको छ । एक श्रोतका अनुसार जेठ महिनाभर निषेधाज्ञा जारी रहने र असारदेखि मात्रा सिन्धुली जिल्लाका सबै क्षेत्र जोखिमबाट सुरक्षित रहदै खुल्ने अनुमान गरिएको छ ।

यस अवधिभर जिल्लाका शहर बजार क्षेत्रका बजार, होटेल, सैलुन, स्थानीय सार्वजनिक यातायातका साधनहरू, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था लगायतका सेवाहरू बन्द रहेका छन् ।

तर खाद्यान्न, फलफूल र तरकारी पसल बिहान ७ बजे देखी १० बजे सम्म मात्र सञ्चालन भएका छन् । दोस्रो लहरको संक्रमण संक्रमितमध्ये ९० प्रतिशतबढी होम आइसुलेसनमा रहेका छन् । उता सिन्धुलीमा निशेधाज्ञा उल्लंन गर्ने २ वटा सवारी साधनहरु प्रहरीले नियन्त्रणमा लिएको छ ।




हिजो आईतबार सिन्धुलीको कमलामाई नगर पालिका वडा नं ७ ना १ ज ५६१५ नं को सुमो ,बा ४ ख ७३२ नं को बसलाई पनि जिल्ला प्रहरी कार्यालयबाट खटिएको मोबाईल गस्ती प्रहरी टोलिले नियन्त्रणमा लिएको हो ।

दुबै सवारी साधन र चालकहरूलाई कोभिड १९ संकट व्यवस्थापन अध्यादेश २०७८ परिच्छेद ५ को दफा २१ (१) बमोजिम आवश्यक कानुनी कार्यवाहीका लागि जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा बुझाएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ

# एकताकालागि केपी ओलीको वक्तव्य

*समाचार सम्वाददाता*

सिन्धुली ⁄ सतारुढ दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू पार्टीलाई २०७५ जेठ २ अघिको पूर्व अवस्थाबाट अगाडि बढाउन तयार रहेको भन्दै सबैलाई पार्टी एकतामा आउन आह्वान गरेका छन् ।

ओलीले त्यसो गर्दा तत्कालीन नेकपाको केन्द्रीय कमिटीका सदस्यहरुमध्ये एकताको पक्षमा उभिएका नेताहरुसहित केन्द्रीय कमिटी र स्थायी कमिटीका संरचनाहरु क्रियाशील हुने बताएका छन् ।

ओलीले पार्टी कमिटी र जनसंगठनहरु पनि मूलभूत रुपमाा २०७५ जेठ २ पूर्वको अवस्थामा फर्के क्रियाशील हुने बताएका हुन् । हिजो आइतवार पार्टी एकताका लागि ६ बुदे

बाँकी ४ पेजमा

# १० वर्ष लागेर पुल बन्यो

*समाचार सम्वाददाता*



सिन्धुली ⁄ धरान–चतरा–गाइघाट–कटारी–सिन्धुली–हेटौंडा सडक अथाृत मदन भण्डारी राजमार्ग अन्तर्गत कमला नदीको झुगामा १० वर्षदेखि अलपत्र अवस्थामा रहेको पक्की पुल निर्माणकार्य सम्पन्न भएको छ । पुल निर्माणको ठेक्का लिएको पप्पु कन्ट्रकसनलाई सरकारले कालो सुचिमा राखेपछी लुम्बिनी कन्टङक्सनले पुल निर्माणकार्य सम्पन्न गरेको हो । सिन्धुलीको दुधौली नगरपालिकाको वडा नं. २ र ३ लाई जोडने गरी कमला नदीमा पक्की कुल ५४६ मिटर लम्बाई

बाँकी २ पेजमा

# इन्टरनेटको भाषा र डिजिटल डिभाईड

*इ.कैलाश कार्की*

इन्टरनेट कुन भाषामा बोल्छ ? यस प्रश्नको मुख्य मर्म हो इन्टरनेटमा हुने सामाग्रीहरू कुन भाषामा उपलब्ध छन् । के विश्वमा बोलिने लेखिने सबै भाषाले कम्प्युटर जस्ता उपकरणहरूको महासञ्जाल भनिने इन्टरनेटमा स्थान पाएका छन त ? भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गैह्र नाफामूलक सस्था एसआईल इन्टरनेशनलले प्रत्येक वर्ष प्रकाशित गर्ने इथ्नोलगका अनुसार अहिले विश्वमा करिब सात हजार एक सय भाषाहरु अस्तित्वमा छन । यी मध्ये ४२ प्रतिशत भाषाहरु लोप हुने (प्रयोगकर्ता एक हजार भन्दा कम भएका) जोखिममा छन भने विश्व जनसंख्याको आधाभन्दा बढी हिस्सा मात्र २३ भाषाको छ ।अब कुरा गरौं इन्टरनेटमा उपलब्ध भाषाहरूको ।

निसन्देह इन्टरनेटमा प्रयोग भएको पहिलो भाषा अंग्रेजी नै थियो । सन् १९९० को सुरुवात सम्म इन्टरनेटमा उपलब्ध हुने सामाग्रीहरुमा ८० प्रतिशत हिस्सा कायम गरेको अंग्रेजी भाषाको हिस्सा सन् २०२० मा आइपुग्दा करिब २५ प्रतिशतमा झरेको छ । सन् १९९० को सुरुवात सम्म इन्टरनेटमा उपलब्ध हुने सामाग्रीहरुमा ८० प्रतिशत हिस्सा कायम गरेको अंग्रेजी भाषाको हिस्सा सन् २०२० मा आइपुग्दा करिब २५ प्रतिशतमा झरेको छ । अंग्रेजीको हिस्सा घट्दै जादा चिनिया, स्पेनिस, अरबिक जस्ता भाषाहरुको वर्चश्व बढेको छ ।

इन्टरनेट वर्ल्ड स्टाटसको सन् २०२० को तथ्यांक अनुसार इन्टरनेट सामाग्रीमा ७५ प्रतिशतभन्दा बढी हिस्सा दश भाषाको छ । यसरी हेर्दा विश्वमा अस्तित्वमा रहेका सात हजार एक सय भाषामध्ये करिब पाच सय भाषा अर्थात कुल भाषाको ७ प्रतिशतले मात्र इन्टरनेटमा स्थान पाएका छन । हालसम्म विकिपिडियामा तीन सय २१, फेसबुकमा एक सय ११, गुगल ट्रान्सलेट एक सय नौ र ट्विटरमा २ हजार ४ सय भाषा उपलब्ध छन् ।

डिजिटल ल्यांग्वेज डेथको भय हाल विश्वमा समग्र रुपमा हेर्दा हरेक १४ दिनमा एक भाषा लोपोन्मुख कित्तामा पुगिरहेको प्रक्षेपण तथ्याङहरूले देखाउाछ । मानव जीवनको एक अभिन्न अंगको रुपमा स्थापित भइसकेको इन्टरनेटले अझ यो गतिलाई बढवा दिने चिन्ता बढिरहेको छ । विश्वमा अस्तित्वमा

बाँकी २ पेजमा

**समाज तथा घर घरबाट महिला बिरुद्ध हुने सबैखाले हिसा अन्त गरौं**

## सिन्धुलीका महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| *सिन्धुली जिल्ला अस्पताल* | *५२०१४५* |
| *जिल्ला प्रहरी कार्यालय* | *५२०१९९* |
| *श्री नं ९ बाहिनी अड्डा* | *५२०१३१* |
| *जिल्ला प्रशासन कार्यालय* | *५२०१३३* |
| *नेपाल रेडक्रस सोसाईटी* | *५२०१२०* |
| *जिल्ला समन्वय समिति* | *५२०१४४* |
| *कमलामाई नगरपालिका* | *५२०२४५* |
| *नेपाल कम्युनिष्ट पार्टी* | *५२०११०* |
| *विधुत प्राधिकरण* | *५२०१५०* |
| *नेपाल टेलिकम* | *५२०१११* |
| *एभिन्यूज खबर सम्वाददाता* | *५२०३८२* |
| *प्रकृति केवल नेटबर्क* | *५२०१६१* |
| *कृषि बिकास बैंक लि.* | *५२०१७०* |
| *राष्ट्रिय वाणिज्य बैंक* | *५२०१५५* |

## १० वर्ष ..

रहेको १४ वटा स्पानको सबै काम अहिले सकिएको अवस्था छ। राजमार्गको पूर्वी खण्ड आयोजनाका इन्जिनियरका अनुसार कमला नदीमा उक्त पुल निर्माण कार्य सकिएको र अब पूलको दायाबायागरी पाच सय मिटर सडक मात्रै पिच (कालोपत्रे) गर्न बाकी रहेको छ ।उक्त सडक पिच गर्ने कार्य पनि धमाधम भइरहेको छ। संभवत यही जेठ महिनाको अन्तिम बाट पुलबाटै गाडी आवत जावत सुरु हुन्छ ।पप्पु कन्ट्रकसनले आधा पनि काम नगरी पप्पुले अलपत्र अवस्थामा छाडेपछि जेभिमा सँगै काम गरेको लुम्बिनी कन्ट्रकसनले गत वर्ष माघ महिनामा जिम्मा लिएर बाकी काम सुरु गरेको थियो ।

आयोजनाका अनुसार करिब ३१ करोड रुपैयाको लागतमा उक्त पुल निर्माण सुरु भएको थियो ।२०७३ साल असार २८ गतेसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखेर पप्पु लुम्वीनी जेभिले २०६८ असार ३१ गते सम्झौता गरी पुल निर्माण सुरु गरेका थिए । पप्पुले तोकिएको समयमा पुल निर्माण नसकेपछि २०७४ साउन १४ सम्म म्याद थपिएको थियो ।

उक्त समयमा पनि पप्पुले आधा पनि काम नगरी पुल निर्माणकार्य अलपत्र अवस्थामा छाडेपछि सडक आयोजनाले पप्पु कन्ट्रक्सनका प्रोपाइटर हरिनारायण रौनियारलाई कालो सूचीमा राखेको थियो ।यता लुम्बिनी कन्ट्रक्सनका ठेकेदार शंकर राउतले पनि २०७७ पुस महिनासम्ममा पुल निर्माण कार्य सकिने योजना रहेपनि बीचमा भएको लकडाउनका कारण निर्माण सामग्री झार्न नपाएर काम तोकिएको समयमा सिध्याउन नपाएको बताउनु हुदै पुल निर्माणको सबै काम सकेर अहिले रंगरोगन गर्ने कार्य लगाएतका काम भइरहेको बताउनु भयो । पुल निर्माण सँगै कमलाखोच क्षेत्रमा आवत जावतमा सुविधा पुगेको छ ।

## इन्टरनेट..

रहेका कुल भाषामध्य त्रियानब्बे प्रतिशत भाषाको अफलाईनमा उपस्थिति नै छैन । अर्को तर्फ विश्वमा बोलिने भाषाहरुमध्ये करिब तीन हजार भाषाहरुको लिपि नै छैन जसले गर्दा यी भाषाहरुले इन्टरनेटमा स्थान पाउने सम्भावना न्यून देखिन्छ । जुन भाषाको उपस्थिति इन्टरनेटमा हुदैन वा जुन भाषा इन्टर नेटमा प्रयोग गर्न सकिदैन यस्ता भाषाहरु प्रति मानिसको आकर्षण कम हुदै गएकाले भाषा नै लोप हुने स्थितिमा पुग्छ ।

जसलाई डिजिटल ल्यांग्वेज डेथको उपमा दिने गरिएको छ ।डिजिटल ल्यांग्वेज डेथको गति बढ्दै जादा अनलाइन विश्व विविधतायुक्त भाषा संस्कृतिलाई छायामा राख्दै एकल रुपमा अगाडि बढ्ने पक्का छ । सकेसम्म बढिभन्दा बढि भाषालाई इन्टरनेटमा समावेश गरी भाषिक समावेशिताका बाटोमा अगाडि बढ्न सकेमात्र इन्टरनेटमा सबैको हिस्सा कायम गर्न सकिन्छ ।

अबको बाटोः लोकल कन्टेन्ट इन्टरनेटमा पहुच स्थापित गर्न सफल र भौगोलिक विकटता, भाषिक जटिलता, न्यून साक्षरता, कम आय जस्ता कारणले इन्टरनेटको दायराबाट बाहिर रहदै आएका बीचको अन्तरलाई दर्शाउने शब्द डिजिटल डिभाइड हो । सूचनामा सबैको पहुच स्थापित गराइ ज्ञानमा आधारि त समाज निर्माणको बाटोमा अगाडि बढ्न र इन्टरनेटको पहुच मार्फत आम मानिसको सामाजिक आर्थिक स्तर सुदृढ गर्न डिजिटल डिभाईड एक चुनौतिको रुपमा रहदै आएको छ । विशेष गरी विकासोन्मुख र अल्पविकसित मुलुकका मानिसहरु स्थानिय भाषामा इन्टरनेट सामाग्री (लोकल कन्टेन्ट) को अभावले आईसिटी इकोसिस्टमबाट भरपुर फाईदा लिन सकिरहेका छैनन। यसो हुदा इन्टरनेटको प्रयोग सामाजिक सञ्जालमा एक अर्कासंग जोडिने माध्यमका रुपमा मात्रै प्रयोग भइरहेको जागजाहेरै छ ।

स्थानिय भाषामै इन्टरनेट सामाग्री उत्पादन गरी वितरण गर्न सकेको खण्डमा एकातर्फ इन्टरनेटको पहुचमा विस्तार हुन गई डिजिटल डिभाइडको खाडल साघुरिदै जानेछ। यसो हुदा इन्टरनेटको प्रयोग सामाजिक सञ्जालमा मात्र सिमित नभई यसले सामाजिक आर्थिक सशक्तिकरणको दिशातर्फ अगाडि बढ्न टेवा पुर्याउछ ।

इन्टरनेटको कुरा गर्दा सबैले इन्टरनेट पूर्वाधारको पहुचलाई मात्रै प्राथामिकतामा राखेको पाईन्छ तर पूर्वाधार को पहुच सगसगै स्थानिय भाषामा इन्टरनेट सामाग्री (लोकल कन्टेन्ट), सेवाहरुको डिजिटलाइजेसन, डिजिटल साक्षरता जस्ता पक्षहरुलाई ध्यान दिनसके मात्र सबल र फलदायी डिजिटल इकोसिस्टम निर्माण गर्न सकिन्छ। इन्टरनेट पूर्वाधार

बाँकी ३ पेजमा

प्रदेश सरकार
भौतिक पूर्वाधार मन्त्रालय
खानेपानी तथा सर सफाई डिभिजन नं ४ रामेछाप
वागमती प्रदेश फिल्ड कार्यालय सिन्धुली

सार्वजनिक सूचना

दुषित र धमिलो पानीले
रुघा, खोकी, झाडा, पखाला, आउँ, हैजा
जस्ता रोग लाग्ने भएकाले धमिलो पानी
प्रयोग नगरौं ।पानी उमालेर र फिल्टर
गरेर मात्र प्रयोग गरौं ।

सार्वजनिक सूचना

सडक लगाएतका भौतिक पुर्वाधारहरु सार्वजनिक सम्पतिहरु हुन् । यी सार्वजनिक सम्पतिहरुको रेखदेख गर्नु सबै नागरिकहरुको साझा कर्तव्य र अधिकार हो । सडक क्षेत्रका जग्गा जमिनहरु अतिक्रमण गर्नु हुदैन। सो क्षेत्रको जग्गाहरु अतिक्रमण गर्नु कानूनको बर्खिलाप गर्नु हो। सडक क्षेत्रमा गैह्र कानूनी रुपमा निर्माण गरिएका सबै प्रकारका निर्माणहरु सरकारले भत्काउने भएकाले सडक क्षेत्रमा त्यस्तो कार्य गर्नु हुदैन । सडक फराकिलो भए सबैलाई फाईदा पुग्छ ।सडक क्षेत्रको संरक्षण र सम्बर्धन गर्नु सबै नेपालीहरुको कर्तव्य हो ।सडक किसिमका सडक निर्माणकालागि सबैले सहयोग गरौं ।

धरान-चतार-गाइघाट-कटारी-सिन्धुली-हेटौडा
सडक आयोजना पश्चिम खण्ड हटौंडा, मकवानपुर

सार्वजनिक सूचना

*सडक लगाएतका भौतिक पुर्वाधारहरु सार्वजनिक सम्पतिहरु हुन् । यी सार्वजनिक सम्पतिहरुको रेखदेख गर्नु सबै नागरिकहरुको साझा कर्तव्य र अधिकार हो । सडक क्षेत्रका जग्गा जमिनहरु अतिक्रमण गर्नु हुदैन । सो क्षेत्रको जग्गाहरु अतिक्रमण गर्नु कानूनको बर्खिलाप गर्नु हो । सडक क्षेत्रमा गैह्र कानूनी रुपमा निर्माण गरिएका सबै प्रकारका निर्माणहरु सरकारले भत्काउने भएकाले सडक क्षेत्रमा त्यस्तो कार्य गर्नु हुदैन। सडक फराकिलो भए सबैलाई फाईदा पुग्छ ।सडक क्षेत्रको संरक्षण र सम्बर्धन गर्नु सबै नेपालीहरुको कर्तव्य हो ।सडक किसिमका सडक निर्माणकालागि सबैले सहयोग गरौं ।*

पुर्वाधार बिकास कार्यालय मन्थली, रामेछाप

सार्वजनिक सूचना

सडक लगाएतका भौतिक पुर्वाधारहरु सार्वजनिक सम्पतिहरु हुन् । यी सार्वजनिक सम्पतिहरुको रेखदेख गर्नु सबै नागरिकहरुको साझा कर्तव्य र अधिकार हो । सडक क्षेत्रका जग्गा जमिनहरु अतिक्रमण गर्नु हुदैन। सो क्षेत्रको जग्गाहरु अतिक्रमण गर्नु कानूनको बर्खिलाप गर्नु हो। सडक क्षेत्रमा गैह्र कानूनी रुपमा निर्माण गरिएका सबै प्रकारका निर्माणहरु सरकारले भत्काउने भएकाले सडक क्षेत्रमा त्यस्तो कार्य गर्नु हुदैन । सडक फराकिलो भए सबैलाई फाईदा पुग्छ ।सडक क्षेत्रको संरक्षण र सम्बर्धन गर्नु सबै नेपालीहरुको कर्तव्य हो ।सडक किसिमका सडक निर्माणकालागि सबैले सहयोग गरौं ।

धरान-चतार-गाइघाट-कटारी-सिन्धुली-हेटौडा
सडक आयोजना पूर्वी खण्ड गाइघाट, उदयपुर

# इन्टरनेट.

मा सहज पहुचाका लागि ग्रामिण दूरसञ्चार विकास कोषको परिचालन गरी नेपाल दूरसञ्चार प्राधिकरणमार्फत दुई वटा परियोजनाहरु अगाडि बढिरहेका छन् । पहिलो ब्रोडव्याण्ड एक्सेस नेटवर्क परियोजना र दोश्रो सूचना महामार्गको निर्माण। अठार वटा प्याकेजमा विभाजन गरी ७४ जिल्लाका (काठमाडौं, ललितपुर र भक्तपुर बाहेक) सबै स्थानिय निकायका कार्यलय, वडा कार्यलय, स्वास्थ्य चौकि, र माध्यामिक विद्यालयसम्म इन्टरनेट सेवा विस्तार गर्न सञ्चालित ब्रोडव्याण्ड एक्सेस नेटवर्क परियोजना अन्तर्गत चौध प्याकेज (पचपन्न जिल्ला) मा काम सम्पन्न भइसकेको छ भने बाकि प्याकेजमा काम भइरहेको छ। यस्तै इन्टरनेट सेवा प्रदायकहरुलाई आफ्नो नेटवर्क विस्तारमा सहजता तुल्याउनुको साथै पूर्वाधारमा हुने दोहोरो लगानिको न्यूनिकरणका लागि मध्यपहाडी राजमार्गलाई आधार मान्दै पूर्व ताप्लेजुको चियोभञ्ज्या देखि लिएर पश्चिम दार्चुलाको झुलाघाट सम्म सूचना महामार्ग (व्याकवोन नेटवर्क) परियोजनाको कार्य अगाडि बढिरहेको छ।

सूचना आदान प्रदानमा मात्र सिमित नभइ इन्टरनेटलाई ज्ञान र सामाजिक आर्थिक दायरा फराकिलो बनाउने साधनको रुपमा लिन सके मात्र नेपाल सरकारले परि कल्पना गरेको ज्ञानमा आधारित समाजको बाटोमा अगाडि बढ्न सहज हुनेछ। त्यसैगरी दूरसञ्चार प्राधिकरण मार्फत नै देशभरका करिब एक हजार विद्यालयमा सूचना प्रविधि प्रयोगशाला निर्माण गर्ने परियोजना अन्तिम चरणमा छ । भौगोलिक विकटताको बाबाजुद यी माथि उल्लेखित परियोजनाहरु ले दूरदराज सम्म इन्टरनेट पूर्वाधार पहुचमा केहि सहजता तुल्याउने पक्का छ। अब स्थानीय निकायहरुले ध्यान दिनु पर्ने भनेको यी पूर्वाधारको अधिकतम उपयोग कसरी गर्ने भन्ने बारे हो।

यसका लागि सेवाहरुको डिजिटलाइजेसन, डिजिटल साक्षरता र स्थानीय भाषामा इन्टरनेट सामाग्री उत्पादन र वितरण प्रमुख शर्त हो । उदाहरणको लागि विद्यालयहरुमा इन्टरनेटको सुबिधा हुने तर पाठ्यक्रम सुहाउदा स्थानिय भाषामै

बाँकी ४ पेजमा

तीनपाटन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लाम्पनटार, सिन्धुली

बागमती प्रदेश, नेपाल

प.स.:- ०७७/७८

च.नं.:-

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(दोश्रो पटक प्रकाशित मितिः-२०७८/०२/२४)

यस तीनपाटन गाउँपालिकाको आ.व. ०७७/७८ को स्वीकृत बजेट अन्तर्गत तपशिलका कार्यहरु निर्माण तथा खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त निर्माण व्यवसायी वा सम्बन्धित फर्म कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वकको छुट्टा-छुट्टै बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको कार्यालय समय भित्र नवीकरण गरेको इजाजत पत्र मूल्य अभिवृद्दि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. (PAN) लिएको प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, आ.व. ०७६/७७ को करचुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रु.१०००/- (एक हजार) पछि फिर्ता नहुने गरी बोलपत्र जमानतको सक्कल भौचर संलग्न राखी बोलपत्र पेश गर्नुपर्नेछ ।
२. बोलपत्र फारमको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सहिछाप गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म गाउँपालिकाको कार्यालय लाम्पनटार, सिन्धुलीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।
३. म्याद भित्र दर्ता भएका बोलपत्रहरु १६ औं दिनको २:०० बजे यस तीनपाटन गाउँपालिकाको हाता भित्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनीक बिदा पर्न गएमा त्यसको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. बोलपत्र फारमको रकम **बैंक अफ् काठमाडौं, तीनपाटन शाखा, चकमके, सिन्धुलीमा रहेको तीनपाटन गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०१८२०००००८१४५२४ मा र जमानत वापतको रकम सोहि बैंकमा रहेको तीनपाटन गाउँपालिकाको धरौटी खाता नं. ०१८२०००००१६५२४** मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानत (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ । यस्तो जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ (पैंतालिस) दिनको म्याद र थप ३० (तीस) दिनको अवधि भएको हुनुपर्नेछ ।
६. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धी बाहेकको रकम उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमको दर अंक र अक्षर दुबैमा स्पष्ट लेखी अधिकार प्राप्त व्यक्तिले सही छाप गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा बोलपत्रदाताको सहिछाप भएको हुनुपर्नेछ ।
७. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, उपलब्ध गराइएको बोलपत्र फारममा थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
८. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।
९. प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. बोलपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालोसूचीमा नपरेको भनी लिखित कबोल गरेको स्व: घोषणापत्र अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
११. बोलपत्रदाताले सम्भावित जोखिम प्रति स्वयम् उत्तरदायी भई सम्बन्धित कार्य गर्नुपर्ने स्थलको सम्पूर्ण पक्षको अग्रिम जानकारी लिइएको मानिनेछ ।
१२. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
१३. बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस कार्यालयको website:- tinpatanmun.gov.np र मोबाइल नं. ९८५१२४५८६४ मा सम्पर्क गर्न सकिनेछ ।

तपसिल:-

| क.स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (प्रोभिजनल सम, भ्याट र कन्टीन्जेन्सी बाहेक) | बोलपत्र जमानत वापतको रकम | बोलपत्र दस्तुर | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|
| १. | TRM/G/SQ/01/2077/78 | Pipe Tatha Cement Kharid,Tinpatan Gaupalika | ९,७५,२८२।४०-(नौ लाख पचहत्तर हजार दुई सय बयासी पैसा चालिस मात्र) | ३०,०००/-( तीस हजार मात्र) | १०००/-(एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |
| २. | TRM/G/SQ/02/2077/78 | Tinpatan Gaupalika Surakshiyt Awash Karyakram CGI Sheet Kharid | १३,२१,६०५।००-(तेह लाख एक्काइस हजार छ सय पाँच मात्र) | ४०,०००/-(चालिस हजार मात्र) | १०००/-(एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |

प्रमुख प्रशासकीय अधिकृत

# इन्टरनेट..

शिक्षण सामग्रीको व्यवस्था हामिले गर्न सकेनौ भने र वाह्य देशका सामग्रीमा मात्रै भर पर्नुपर्ने वाध्यता कायम रहदासम्म यसले शैक्षिक गुणास्तर अभिवृद्धिमा सोचेजस्तो परिवर्तन ल्याउन नसक्ने निश्चित छ।

गत वर्ष शिक्षा मन्त्रालय मार्फत केहि यस्ता इन्टरनेट सामाग्रीहरुको विकास भएको थियो जुन सकरात्मक पक्ष हो। स्थानिय निकायहरुको आपसि सहकार्यमा यस्ता डिजिटल शैक्षिक सामाग्रीहरु उत्पादन गरी लोकल सर्भरमै होस्ट गर्न सके शैक्षिक गुणास्तरमा सकरात्मक परिवर्तन ल्याउन सकिन्छ भने अर्कोतर्फ अन्तर्राष्टिय व्याण्डविथ खपतमा पनि कमि आउछ। यस्तै अहिले प्राय:जसो स्थानीय निकायहरुको आˆनो वेबसाइट सञ्चालनमा ल्याएका छन् । अब यस्ता वेभसाइटहरुको कार्य सार्वजनिक सूचना प्रवाहमा मात्र सिमित नराखी नागरिकलाई वितरण गर्नुपर्ने सार्वजनिक सेवाहरुको डिजिटलाइजेसन गरी वेभसाईट/एप मार्फत पनि सेवा दिन सके इन्टरनेट पूर्वाधारको उचित प्रयोग हुनेछ।

नेपालको सन्दर्भमा हेर्दा अहिलेसम्म स्थानीय निकायहरुका वार्षिक बजेटमा सूचना प्रविधिले प्राथमिकता नै नपाएको देखिन्छ। यसमा नितान्त क्रम भंगताको आवश्यकता छ र हरेक स्थानिय सरकारले कूल बजेटको केहि हिस्सा डिजिटल रुपान्तरणको लागि विनियोजन गरेर अगाडि बढ्न सके मात्र इन्टरनेट पूर्वाधारको फाईदा लिनु को साथै डिजिटल डिभाइडमा पनि कमि आउछ।

नेपालको सन्दर्भमा हेर्दा अहिलेसम्म स्थानीय निकायहरुका वार्षिक बजेटमा सूचना प्रविधिले प्राथमिकता नै नपाएको देखिन्छ। यति मात्र हैन नेपाल जस्तो वहुभाषिक र वहुसाास्कृतिक मुलुकमा साास्कृतिक र भाषिक समुदायलाई मध्यनजर गर्दै सोही भाषामा उनिहरुको सामाजिक आर्थिक जिवनस्तर उकास्नको लागि टेवा पुर्याउने उपयुक्त इन्टरनेट सामाग्री उत्पादन र वितरण गर्न सकेको खण्डमा भाषा जिवन्त रहनुका साथै समग्र जिवनस्तरमा पनि सकरात्मक परिवर्तन ल्याउन सकिन्छ। सूचना आदान प्रदानमा मात्र सिमित नभइ इन्टरनेटलाई ज्ञान र सामाजिक आर्थिक दायरा फराकिलो बनाउने साधनको रुपमा लिन सके मात्र नेपाल सरकारले परिकल्पना गरेको ज्ञानमा आधारित समाजको बाटोमा अगाडि बढ्न सहज हुनेछ।

## सूचना

*कुनै पनि काम सानो र ठुलो हुदैंन। श्रम गर्न नहिच्किचाऔ। श्रमको सम्मान गरौ। उत्पादन र उत्पादकत्व बढाउन शिक्षित र सचेत बनौं र अरुलाई पनि बनाऔं।*

*आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकार प्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो।*

**नेपाल सरकार**
**संचार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

# एकताकालागि..

अपिल जारी गर्दै ओलीले आफ्नो पार्टीको प्रधानमन्त्रीलाई पदबाट हटाई विपक्षी दलका नेतालाई प्रधानमन्त्री बनाउने रिटबाट हस्ताक्षर फिर्ता हुनुपर्ने प्रष्ट पारेका छन्।

उनले जारी गरेको विज्ञप्तिमा पार्टी एकताको पक्षमा र हेकाहरुको आधारमा केन्द्रीय कमिटी र स्थायी कमिटी सक्रिय रहने, मातहतका कमिटी र जनसंगठनहरु पनि जेठ ३ पूर्वको अवस्थामा सक्रिय हुने बताइएको छ।

साथै यस बीचमा पार्टीका कुनै नेताबाट भएका गल्ती कमजोरीलाई लिएर कुनै कारबाही नगरिने, पूर्वाग्रह नराखिने र भेदभाव नगरिने पनि उल्लेख गरिएको छ।

# जान्नै पर्ने केही कुरा

*समाचार सम्वाददाता*

*१. लगातार दुई पटक भन्दा बढि कसैलाई कल नगर्नुहोस्। यदि उनीहरूले तपाईंको कल उठाएनन् भने सोच्नुस् उनीहरू व्यस्त छन्।*

*२. तपाईंलाई सापटी दिने व्यक्तिले सम्झाउनु अगाबै उसँग लिएको पैसा फिर्ता गर्नुहोस् वा फिर्ता गर्न समय लाग्ने जानकारी गराउनुहोस्। यसले तपाईंको निष्ठा र चरित्र देखाउदछ। यो कुरा छाता, कलम र पुस्तक जस्ता वस्तुमा पनि लागू हुन्छ।*

*३. यदि कसैले तपाईंलाई लन्च वा डिनर खुवाउदै छ भने कहिल्यै मेनुमा भएको महंगो खाना अडर नगर्नुहोस्।*

*४. "ओह, त्यसोभए तपाईंको बिहे भएको छैन?" वा "तपाईंका बच्चाहरु छैनन्?" वा "तपाईंले किन घर नबनाउनु भएको?" जस्ता अप्ठ्यारो प्रश्नहरु नसोध्नुहोस्। किनकी यी तपाईंका समस्याका विषय हैनन्।*

*५. सधैं तपाईंको पछाडि आउदै गरेको व्यक्तिको लागि ढोका खोल्नुहोस्। त्यो केटा वा केटी, वरिष्ठ वा कनिष्ठ हुनुले फरक पर्दैन। तपाईं कसैलाई सार्वजनिक रूपमा राम्रो व्यवहार गरेर सानो हुनुहुन्न।*

*६. साथीसँग ट्याक्सी चढ्दा पुरै भाडा उहाले तिर्नुभयो भने अर्को पटक आफूले तिर्ने प्रयास गर्नुहोस्।*

*७. फरक-फरक विचार र धारणाहरूको सम्मान गर्नुहोस्। तपाईंले ट देखेको चिजलाई तपाईंको अगाडि बस्नेले देखिरहेको हुन सक्छ। दोस्रो विचार विकल्पको लागी राम्रो पनि मानिन्छ।*

*८. कोही मानिस् बोलिरहेको बेला कहिल्यै बाधा नपुर्‍याउनुहोस् वा हस्तक्षप नगर्नुहोस्। उनीहरूलाई आफ्नो कुरा पूरा गर्न दिनुहोस्। उनीहरूले भनेका सबै कुरा सुन्नुहोस् र फिल्टर गरेर बुझ्नुहोस्।*

*९. यदि तपाईं कसैलाई जिस्काउनु हुन्छ र तिनीहरूलाई त्यो कुरा मन पर्दैन भने त्यसलाई रोक्नुहोस् र फेरि कहिल्यै नदोहोर्याउनुहोस्। यसले तपाइ कत्तिको संवेदनशिल हुनुहुन्छ भन्ने कुरा देखाउादछ।*

*१०. कसैले तपाईंलाई मद्दत गर्दा "धन्यवाद" भन्न नबिर्सिनुहोस्।*

*११. सार्वजनिक रूपमा प्रशंसा गर्नुहोस्, अनि कमजोरी सम्बन्धित व्यक्तिलाई नै भन्नुहोस्।*

*१२. कसैको तौल, उचाईं र छालाको रङमा टिप्पणी नगर्नुहोस्। त्यो उनीहरूको नितान्त व्यक्तिगत कुरा हो।*

*१३. जब कसैले आफ्नो फोनमा तपाईंलाई फोटो देखाउदछ, बाया वा दाया स्वाइप नगर्नुहोस्।*

*१४. कसैले अस्पताल जानुछ भन्दा के को लागि हो? भनेर नसोध्नुहोस्। "मलाई आशा छ तपाईं ठीक हुनुहुन्छ" भनेर सुभेक्षा जनाउनुहोस्। उनीहरूलाई आफ्नो व्यक्तिगत स्वास्थ्य अवस्थाको बारे बताउनु पर्ने असजिलो स्थितिमा नराख्नुहोस्। यदि उनीहरू तपाईंलाई बताउन चाहन्छन् भने तपाईंको जिज्ञासा बिना नै बताउनेछन्।*

*१५. कार्यालय सहयोगी र हाकिमलाई समान सम्मानको साथ व्यवहार गर्नुहोस्। तपाईंको रुखो र अभद्र व्यबहारले कोही पनि प्रभावित हुदैनन्। कसैप्रति गरिने राम्रो व्यवहारको लागि तपाईं कहिल्यै पछुताउनु पर्दैन।*

*१६. यदि कोही तपाईंसाग प्रत्यक्ष रुपमा कुरा गर्दैछन् भने उहाालाई सुन्नुहोस्। यस्तो बेला मोबाइलमा घोरिनु असभ्य व्यवहार मानिन्छ।*

*१७. तपाईंलाई कसैले नसोधेसम्म सल्लाह नदिनुहोस्।*

*१८. कसैको उमेर र तलबका बारे नसोध्नुहोस्।*

*१९. आफ्नो कामसाग मतलब राख्नुहोस्। आफू सम्बद्ध कुरामा मात्र चासो राख्नुस्। बााकी कुरामा फाल्तु समय बर्वाद नगर्नुस्।*

*२०. राम्रो सन्देश पढेपछि "सन्देशको लागी धन्यवाद" भन्न कोशिस गर्नुहोस्।*

## सार्वजनिक सूचना

*सडक लगाएतका भौतिक पुर्वाधारहरु सार्वजनिक सम्पतिहरु हुन्। यी सार्वजनिक सम्पतिहरुको रेखदेख गर्नु सबै नागरिकहरुको साझा कर्तव्य र अधिकार हो। सडक क्षेत्रका जग्गा जमिनहरु अतिक्रमण गर्नु हुदैन। सो क्षेत्रको जग्गाहरु अतिक्रमण गर्नु कानूनको बर्खिलाप गर्नु हो। सडक क्षेत्रमा गैह्र कानूनी रुपमा निर्माण गरिएका सबै प्रकारका निर्माणहरु सरकारले भत्काउने भएकाले सडक क्षेत्रमा त्यस्तो कार्य गर्नु हुदैन। सडक फराकिलो भए सबैलाई फाईदा पुग्छ।सडक क्षेत्रको संरक्षण र सम्बर्धन गर्नु सबै नेपालीहरुको कर्तव्य हो।सडक किसिमका सडक निर्माणकालागि सबैले सहयोग गरौं।*

**डिभिजन सडक कार्यालय खुर्कोट, सिन्धुली**

प्रस्तावित कमलामाई प्रकाशन प्रालिद्धारा प्रकाशित समय र समाचार दैनिकका निम्ति प्रधान सम्पादक/प्रकाशक:-शंकर सौगात, कार्यकारी सम्पादक-यसोदा राउत, व्यवस्थापक-सोनम कार्की, कार्यालय-रातमाटा, कमलामाई-६ सिन्धुली, फोन नं.- ०४७ -५२०३८२, मुद्रक - लालीगुरास अफसेट प्रेस सिन्धुली, नेपाल